परिवर्तनको लागि
क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक




❑ वर्ष १५ ❑ अंक ५ २०८३ भाद्र ७ आईतवार Sunday, 23 AUG 2026 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

# सिटिजन्स बैंकको लापार्वाहीको कारण जनरल हस्पिटल संचालनमा अवरोध

विराटनगर । सिटिजन्स बैकको लापारवाहीका कारण विराटनगर-१४ रोडशेष चौक देखि दक्षिण बाटो देखि पश्चिम रहेको जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि.का संचालनमा अवरोध भएको छ ।

जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रालिको स्वामित्व हस्तान्तरण पछि, सोही बैकबाट जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रालिकालो सूची रहेको भन्दै कुनै कारोवार अगाडी नवढी हस्पिटल बन्द रहेको सेन्टरका संचालक कल्पना कुमारी यादवले वताए ।

कालो सूचीमा रहेको जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रालिमा करोडौ रकम बैकले हाल्न लगाई स्वामित्व हस्तान्तरण गरि सकेपछि बैकले उक्त सेन्टर सिटिजन्स बैककै अर्को शाखावाट कालोसूची मा रहेको भन्दै कुनै पनि करोवार गर्न नदिएको आरोप यादवले लगाएको छ ।

अस्पताल खरिदमा संलग्न कल्पना यादवले आफूलाई बैंक तथा बैकका पूर्व प्रवन्धकबाट समस्यामा पारिएको आरोप लगाउँदै भने करोडौ रकम प्रवन्धकले हाल्न लगाए अहिले आएर कालो सूचीमा रहेको भन्दै कुनै पनि कारोवार अगाडी वढ्न नदिएको वताईन ।



अर्का पिडित सियाराम यादवले जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रालि. खरिद का क्रममा आफूहरूलाई सिटिजन बैंकले जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रालि. कालोसूचीमा रहेको विषयबारे कुनै पनि जानकारी नदिइएको आरोप लगाउँदै अस्पतालको सम्पूर्ण शेयर हस्तान्तरण भएपछिमात्र बैंकिङ कारोबार र कालोसूची सम्बन्धी जानकारी भएको वताए । यादवका अनुसार जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रालिको सम्पूर्ण शेयर कल्पना कुमारी यादवको नाममा हस्तान्तरण गरिएको छ ।

जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रालि सिटिजन्स बैककै कालोसूचीमा रहेको जानकारी पाएपछि पूर्व संचालक विराटनगर महानगरपालिका वडा नं. १० बस्ने दिपक कुमार राय, जय प्रकाश राय र श्रवण कुमार राय र हालका संचालक कल्पना कुमारी यादव बीच ६ बुद्धे सम्झौता भएको २०८१ साल मसिर १६ गते ६ बुद्धे सोही बैकमा सहमती भएको थियो । त्यो सहमती समेत पालना नगरी हामीलाई पिडित वनाएको सियाराम यादवको भनाई छ ।

सहमतीमा भनिएको छ २०८१ चैत ३० गते सम्म जे जस्तो व्यवहार भएपनि हिसाव मिलान गर्ने, कि.नं १८५५ को जग्गा विगहा ३ कटेठा जग्गा फूकुवा गरी दिने, विद्युतको महसुल रकम चुक्ता गरी थ्रि फेस विद्युत जडान गरी दिने, बैकको कालो सुचीबाट हटाई दिने, डाक्टर फडिन्द्रसंगको व्यवसहार तीनै दाजु भई मिलाउने, अस्पिटल विक्री गरेको २०८१ मंसिर ८ गते भन्दै अगाडीको सम्पूर्ण व्यवहार तीनै जना दाजुभाइ मिलाउने भनेता पनि कही नरेको प्रशासनमा समेत जाँदा चासो नदेखाएको आरोप पिडित यादवले लगाए ।

यादवले पटक-पटक बैंकका सम्बन्धित अधिकारी तथा जिल्ला प्रशासन कार्यालयमा जानकारी गराउँदा पनि समस्या समाधान नभएको उहाँले गुनासो गर्दै भने अस्पतालको नाम परिवर्तन गरी 'नेपाल आँखा अस्पताल' राख्ने तयारी भइरहेको बेला बैंकले रोक्का गरेपछि थप समस्या देखिएको वताए ।

पिडित यादवले अस्पताल खरिद गर्दा बैंकले कालोसूची सम्बन्धी जानकारी नदिएको र

बांकी अन्तिम पेजमा...

# कोशीमा प्रविधिमैत्री सरुवा प्रणाली सरु

विराटनगर । कोशी प्रदेश सरकारले प्रदेशस्तरमा पहिलो पटक एकीकृत सरुवा व्यवस्थापन प्रणाली (इन्टेग्रेटेड ट्रान्सफर सिस्टम) आइटीएमएस कार्यान्वयनमा ल्याएको छ ।

यस्तो प्रविधि मैत्री प्रणाली सुरुवात गरेसँगै प्रदेशभित्र कर्मचारी सरुवा प्रक्रियालाई प्रविधिमैत्री, पारदर्शी, व्यवस्थित र अनुमान योग्य बनाउने दिशामा महत्वपूर्ण प्रशासनिक सुधारको सुरुवात भएको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव नारायण प्रसाद रिसालले जानकारी दिए ।

कोशी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सुशासन तथा डिजिटल रूपान्तरण अभियान अन्तर्गत सामाजिक विकास मन्त्रालयले भदौ पहिलो साताबाट यो प्रणाली मार्फत काम गर्न सुरु गरिसकेको छ । सामाजिक विकास मन्त्रालयका प्रदेश सचिव विष्णु प्रसाद कोइरालाले प्रणालीमार्फत सरुवा निर्णय गरी यसको औपचारिक सुरुवात गरेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कम्प्युटर अधिकृत विनय भास्कर दत्तका अनुसार प्रदेश तहमा कर्मचारी सरुवाका लागि एकीकृत डिजिटल प्रणालीको प्रयोग भएको यो नेपालमै पहिलोपटक हो ।

भास्करका अनुसार कर्मचारी सरुवा प्रक्रियामा हुने कागजी झन्झट, ढिला सुस्ती र व्यक्तिगत पहुँचका आधारमा हुने निर्णयलाई क्रमश: अन्त्य गर्दै प्रक्रिया पारदर्शी, प्रमाणमा आधारित र प्रविधिमैत्री बनाउने उद्देश्यले यो प्रणाली सुरु गरिएको हो । यो प्रणाली लागू भएपछि कर्मचारीले सरुवाका लागि भौतिक रूपमा निवेदन बोकेर सम्बन्धित मन्त्रालय वा कार्यालय धाउनुपर्ने बाध्यता कम हुनेछ । कर्मचारीले प्रणालीमार्फत नै सरुवाका लागि अनलाइन आवेदन दिन सक्नेछन् भने सम्बन्धित निकायले प्रणाली भित्रैबाट आवेदनको व्यवस्थापन तथा निर्णय गर्न सक्नेछन् । सरुवाको निर्णय भएपछि सरुवा पत्रसमेत प्रणालीबाटै स्वचालित रूपमा तयार हुने व्यवस्था गरिएको छ ।

त्यस्तै, सरुवापछि आवश्यक पर्ने डिजिटल रमाना तथा हाजिरी अद्यावधिक समेत प्रणालीमार्फत गर्न सकिनेछ । प्रणालीमा प्रदेश तथा स्थानीय तहका कर्मचारीको

वांकी अन्तिम पेजमा...






## स्थानीय...

अभियानअन्तर्गत सुरक्षित खानेपानी, सरसफाइ र स्वास्थ्य प्रवर्द्धनलाई एकीकृत रूपमा अघि बढाएको छ ।

संघीय सरकारको वास (ध्व्क्ज )कार्यक्रमअन्तर्गत प्राप्त बजेटमार्फत पनि खानेपानी, सरसफाइ तथा सिँचाइ क्षेत्रमा थप सुधारका कार्यक्रम सञ्चालन भइरहेका छन् । गर्भवती महिलाको स्वास्थ्यलाई ध्यानमा राख्दै विभिन्न ट्युबेलको पानीमा आइरन परीक्षण तथा गुणस्तर अनुगमन अभियान सञ्चालन गर्नु गाउँपालिकाको अर्को उल्लेखनीय प्रयास हो ।

यद्यपि, केही चुनौती अझै बाँकी छन् । कर्सिया खानेपानी संस्थाको ट्यांकीमा चढ्ने सिँढी जीर्ण अवस्थामा छ । संस्थासँग पर्याप्त कार्यालय भवन तथा सामग्री भण्डारण गर्ने स्टोर भवन छैन । हाल दुई जना कर्मचारीले नियमित रूपमा सेवा सञ्चालन गरिरहेका छन् । यी पूर्वाधारलाई थप व्यवस्थित बनाउने योजना गाउँपालिका र उपभोक्ता समितिले बनाएका छन् ।

गत वर्षको भदौमा भएको जेनजी आन्दोलनपछि केही स्थानमा खानेपानीका पाइपलाइन तथा संरचनामा क्षति पुगेको थियो । जसको मर्मत, पुन:निर्माण र नयाँ फिल्टर जडानको आवश्यकता देखिएको छ । त्यसैगरी केही सामुदायिक विद्यालयमा अझै शुद्ध पिउने पानीको पर्याप्त व्यवस्था हुन सकेको छैन । वडा नं. २, ५ र ७ का स्वास्थ्य चौकीमा पनि सुरक्षित खानेपानी सेवाको थप विस्तार आवश्यक रहेको सरोकारवालाहरू बताउँछन् ।

स्थानीयवासीले प्रत्येक वडामा कम्तीमा एउटा खानेपानी ट्यांकी निर्माण, खानेपानी क्षेत्रमा थप बजेट विनियोजन, पाइपलाइन विस्तार, नियमित पानी परीक्षण र जनचेतना अभिवृद्धि गर्नुपर्ने आवश्यकता औंल्याएका छन् ।

गाउँपालिका अध्यक्ष जीवछ प्रसाद गच्छदार "शुद्ध खानेपानी, स्वस्थ गाउँपालिकाबासी" केवल नारामात्र नभएर पालिकाकै विकासको दर्शन भएको बताउँछन् । उनी भन्छन्, 'खानेपानीमा गरिएको लगानी नागरिकको स्वास्थ्यमा गरिएको लगानी हो । यसैले आगामी दिनमा पनि सबै वडामा सुरक्षित र शुद्ध खानेपानीको पहुँच सुनिश्चित गर्छु । मेरो यो अभियानलाई अझ तीव्र बनाउँछु ।'

स्थानीय सरकार गठनअघि पानीको अभाव र असुविधाको प्रतीक बनेको धनपालथान आज विस्तारै सुरक्षित खानेपानीतर्फको यात्रामा अगाडि बढिरहेको छ । ट्युबेलदेखि पाइपलाइन, फिल्टरदेखि गुणस्तर परीक्षण, विद्यालयदेखि स्वास्थ्य संस्था र घरआँगनसम्म पुगेको खानेपानी सेवाले देखाएको परिवर्तनले एउटा सन्देश स्पष्ट दिएको छ, स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार हुँदा विकासका परिणाम पनि नागरिकको जीवनमा प्रत्यक्ष देखिन्छन् ।

केही वर्षअघि एउटै ट्युबेलको पालो पर्खेर दिन बिताउने नन्दनी सरदार आज आफ्नै घरआँगनमा सहज रूपमा पानी प्रयोग गरिरहेकी छन् । उनको यो अनुभव कुनै एक व्यक्तिको कथा मात्र होइन, धनपालथान गाउँपालिकाले स्थानीय सरकार गठनपछि खानेपानी क्षेत्रमा गरेको लगानी र त्यसबाट आएको परिवर्तनको प्रतिनिधि चित्र हो ।

तथापि, अझै सबै समस्या समाधान भइसकेका छैनन् । कतै नयाँ पाइपलाइन आवश्यक छ, कतै फिल्टर जडान गर्न बाँकी छ, कतै विद्यालय र स्वास्थ्य संस्थामा सुरक्षित खानेपानीको पहुँच विस्तार गर्नुपर्नेछ । तर, विगतसँग वर्तमानलाई तुलना गर्दा धनपालथानले छोटो समयमै उल्लेखनीय फड्को मारेको देखिन्छ ।

अझै केही चुनौती बाँकी भए पनि योजनाबद्ध लगानी, प्रभावकारी व्यवस्थापन र नागरिकको सहभागिताले धनपालथान गाउँपालिकालाई सुरक्षित, स्वच्छ र दिगो खानेपानी व्यवस्थापनको नमुना स्थानीय तह बनाउने आधार दिनप्रतिदिन बलियो बनाइरहेको छ । खानेपानीमा गरिएको लगानीलाई स्वास्थ्य, शिक्षा, आर्थिक विकास र सामाजिक समृद्धिमा गरिएको दीर्घकालीन लगानीका रूपमा समेत हेरिन्छ ।

खानेपानीमा गरिएको लगानीको प्रतिफल तत्काल देखिने पूर्वाधारमा मात्र सीमित हुँदैन । त्यसको असर स्वस्थ नागरिक, उत्पादक श्रमशक्ति, गुणस्तरीय शिक्षा, सुरक्षित मातृत्व र समृद्ध समाज निर्माणसम्म फैलिन्छ । त्यसैले धनपालथानले थालेको यो अभियानलाई निरन्तरता दिनु केवल विकासको आवश्यकता मात्र होइन, संविधानले सुनिश्चित गरेको नागरिकको मौलिक अधिकारको पूर्ण कार्यान्वयन पनि हो । आज धारामा बगेको स्वच्छ पानीले भोलिको स्वस्थ र समृद्ध धनपालथानको आधार निर्माण गरिरहेको छ ।

## सिटिजन्स...

रकम भुक्तानी गरिसकेपछि समेत समस्या समाधान गर्न नमानेको आरोप रहेको छ । "बैंकका कारण उत्पन्न समस्या तत्काल समाधान गरिनुपर्छ । दोषीलाई कानूनी प्रक्रियामा ल्याउनुपर्छ," यादवले भने अब प्रचलित नियमअनुसार अघि बढ्ने जानकारी आफूहरूले पाए अनुसार अगाडी बढने तर कालो सूचिका कारण बैंकको प्रक्रियामा जान पनि कठिनाई हुँदै आएको पिडित यादको दु:खेसो छ ।

पत्रकार सम्मेलनमा सार्वजनिक गरिएका कागजात मा जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रालिको शेयर, बैंक कारोबार, जग्गा तथा अस्पताल को दायित्वसम्बन्धी विवरण समेत उल्लेख छन् । पीडित पक्षले बैंक, अस्पतालको पूर्व व्यवस्थापन तथा सम्बन्धित निकायबाट घटनाबारे आवश्यक छानबिन गरी समस्या समाधान गरिदिन माग गरेको छ । यादबले बैंकको गलतिको कारण भएको सम्पती समेत बैंकको ब्याज तिर्दा सकिन आटेको छ । अब तिर्न नसक्ने अवस्थामा पुगीसकेको छु बैंकले कालो सुचिबाट नहटाइ फुकुवा नगरे सम्म ब्याज नतिर्ने पिडित यादवको भनाई छ ।

यता जिल्ला प्रशासन कार्यालय मोरङका सहायक प्रमुख जिल्ला अधिकारी पवनराज कोइरालाको नेतृत्वमा साउन २७ र २८ गते गरिएको अनुगमनका क्रममा मापदण्ड नपुगेको भन्दै विराट आँखा अस्पताल, सञ्जीवनी आई केयर, हिमाल आँखा अस्पताल, विराट रानी आँखा अस्पताल, अखण्ड ज्योति आँखा अस्पताल, इफराह आँखा अस्पताल, सहित जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रालि. एवं नेपाल आँखा अस्पताल समेत शिलबन्दी गरिएको छ ।

## कोशीमा...

व्यक्तिगत विवरण तथा सेवा सम्बन्धी अभिलेख सुरक्षित रूपमा राखिनेछ। कुन कर्मचारी हाल कुन कार्यालय र पदमा कार्यरत छन्, सरुवा निर्णयको अवस्था के छ तथा रमाना र हाजिरी अद्यावधिक भएको वा नभएको लगायतका विवरण ठिक समय च्भबी त्ज्भ मा अनुगमन गर्न सकिने व्यवस्था गरिएको छ ।

यो प्रणालीको अर्को महत्व पूर्ण पक्ष दरबन्दी तथा पदस्थापन व्यवस्थापन हो । प्रदेश अन्तर्गतका कार्यालयहरूको स्वीकृत दरबन्दीको विवरण प्रणालीमा उपलब्ध हुने भएकाले उपलब्ध दरबन्दी, पद र कार्यालयको आवश्यकताका आधारमा पदस्थापन तथा सरुवा व्यवस्थापन गर्न सहज हुने विश्वास सचिव रिसालले लिएकोछ । यसले कर्मचारी सरुवामा देखिने दोहोरोपन, रिक्त दरबन्दीबारेको अस्पष्टता तथा अभिलेख व्यवस्थापनमा हुने कठिनाइलाई समेत कम गर्ने विश्वास गरिएको छ ।

कोशी प्रदेश सरकारले अघि सारेको डिजिटल प्रदेशको मार्गचित्र अन्तर्गत प्रणालीलाई महत्वपूर्ण प्रणालीका रूपमा लिइएको छ । प्रदेश सरकारका प्रशासनिक सेवाहरूलाई क्रमश: डिजिटल प्रणालीमा रूपान्तरण गर्ने अभियानमा कर्मचारी व्यवस्थापन सँग सम्बन्धित यो प्रणालीलाई महत्वपूर्ण आधारका रूपमा हेरिएको छ । हाल प्रदेशस्तरबाट सुरु गरिएको प्रणालीलाई क्रमश: स्थानीय तहसम्म विस्तार गर्ने लक्ष्य रहेको छ । यसबाट प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीको विवरण, दरबन्दी, सरुवा, रमाना र पदस्थापनसम्बन्धी अभिलेखलाई एकीकृत र व्यवस्थित बनाउन सहयोग पुग्नेछ ।

प्रदेशस्तरमा कर्मचारी व्यवस्थापनका लागि यस्तो एकीकृत डिजिटल प्रणालीको सुरुवातलाई प्रशासनिक संघीयता लाई प्रविधिमार्फत थप प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाउने दिशामा कोशी प्रदेशको महत्वपूर्ण प्रशासनिक सुधारका रूपमा लिइएको छ ।

कागजरहित प्रशासन, पारदर्शी निर्णय र डिजिटल सुशासनको अवधारणालाई व्यवहारमा उतार्न समेत महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । कोशी प्रदेश सरकारले सरकारलाई प्रविधिमैत्री बनाउनका लागि संघीय सरकारभन्दा अघि नै यसअघि सरकारी एकीकृत कार्यालय व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याएको छ ।

गतवर्ष चुनावी सरकारमा केन्द्रमा यो प्रणाली सुरु भएपनि त्योभन्दा अघि नै प्रदेश सरकारले सुरु गरिसकेको थियो । प्रदेशलाई प्रविधि प्रविधि मैत्री बनाउनकै लागि योजना बैंकको अवधारणा, मुख्यमन्त्री ड्यासबोर्डको अवधारणा लगायतका कार्यक्रम हरू सुरु भइसकेका छन् । कतिपय प्रविधिमैत्रीका कार्यक्रमहरू गत वर्षको आन्दोलनका कारण ढिलाई भएका छन् भने कुनै अवरुद्ध भएका छन् ।

कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले प्रदेशलाई प्रविधिमैत्री बनाउने कुरामा सरकार प्रतिबद्ध रहेको वताउँदै उहाँले प्रदेशलाई प्रविधिमैत्री बनाउने कुरामा अरु प्रदेश भन्दा कोशी प्रदेश अघि रहेको बताउँदै कतिपय अवस्थामा हामीले अघि सारेका प्रविधि मैत्री कार्यक्रम संघीय सरकारभन्दा पनि अघि रहेको उहाँले जानकारी दिए ।कोशी प्रदेशमा करिब ४ हजार भन्दा बढी दरबन्दी भएपनि हाल करिब ३ हजार दुई सय कर्मचारी कार्यरत छन् ।


### विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जतातत‍ै फोहोरमैला नफालौं ।

### साक्षर समाज-सक्षम राष्ट्र

*अक्षर चिन्न सक्ने हातले मात्रै आफ्नो अधिकारलाई चिन्न सक्छ, शिक्षित नागरिकले मात्रै समाज परिवर्तन गर्न सक्छ, साक्षरता भनेको केवल पढ्न लेख्न जान्नु मात्र होइन, यो आत्म विश्वास, रोजगारी स्वास्थ्य र स्वतन्त्रताको ढोका हो ।*

*शिक्षा*

*- आत्म निर्भर वन्नका लागि, - रोजगारी र अवसरको लाग,*
*- लैगिंक, जातिय र क्षेत्रिय समानताको लागि,*
*- धार्मिक सहिष्नुता र सम्मानको लागि,*
*- अधिकार र कर्तव्य बोधका लागि, - स्वास्थ्य सम्वन्धि सचेतनाको लागि*
*- आर्थिक सशक्तिकरणका लागि, - सामाजिक विकास र समृद्धि राष्ट्रका लागि ।*

**नेपाल सरकार, विज्ञापन बोर्ड**





परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# कोशीमा प्रविधीमैत्री सरुवा

नेपाल मै सातवाट प्रदेश मध्ये पहिलो पटक कोशी प्रदेश सरकारले प्रविधीमैत्री कर्मचारीहरुलाई सरुवा गर्ने काम सुरु गरेका छन् । सरुवा कर्मचारी प्रशासनको नियमित प्रक्रिया नै हो । एउटै कार्यालय वा जिम्मेवारीमा लामो समय बस्दा कार्यसम्पादनमा असहजता आउन सक्ने भएकाले कर्मचारीको अनुभव, दक्षता र आवश्यकताअनुसार सरुवा गर्नु स्वाभाविक मानिन्छ । तर सरुवा केवल कर्मचारीलाई एउटा ठाउँबाट अर्को ठाउँमा पठाउने प्रशासनिक निर्णय मात्र होइन, यसले सेवा प्रवाह, संस्थागत स्मृति र नागरिकको दैनिक जीवनलाई समेत प्रत्यक्ष असर गर्छ ।

प्रविधिमैत्री सरुवा भन्नाले केवल अनलाइनबाट सरुवाको पत्र निकाल्नु मात्र होइन । कुन कर्मचारी कहाँ कार्यरत छन्, कति समयदेखि कार्यरत छन्, कुन पदमा कति दरबन्दी रिक्त छ, कुन कार्यालयमा कस्तो जनशक्ति आवश्यक छ र कर्मचारीको प्राथमिकता के हो भन्ने तथ्यलाई डिजिटल प्रणालीले एकै ठाउँमा विश्लेषण गर्न सक्नुपर्छ । त्यसका आधारमा सरुवाको निर्णय भएमा मनपरी र दबाबको सम्भावना कम हुन्छ । कार्यालयमा कर्मचारी अभाव र असन्तुलित जनशक्ति वितरणको समस्या देखिन सक्छ । कुनै ठाउँमा आवश्यकताभन्दा बढी कर्मचारी हुने र कुनै दुर्गम वा सेवाग्राहीको चाप बढी भएको ठाउँमा कर्मचारी अभाव हुने अवस्था अन्त्य गर्न तथ्यमा आधारित सरुवा प्रणाली आवश्यक छ ।

कोशी प्रदेश सरकारले कर्मचारी सरुवालाई राजनीतिक प्रभाव र प्रशासनिक अनिश्चितताको विषय बनाउने होइन, प्रविधि, तथ्यांक र पारदर्शितामा आधारित सार्वजनिक प्रशासन सुधारको माध्यम बनाउनुपर्छ । कर्मचारीलाई पनि आफ्नो जिम्मेवारी र कार्यसम्पादनका आधारमा मूल्यांकन हुने विश्वास दिलाउनुपर्छ । प्रविधिमैत्री सरुवाले अन्ततः कर्मचारीलाई मात्र होइन, प्रदेशका नागरिकलाई छिटो, सहज र गुणस्तरीय सार्वजनिक सेवा प्राप्त गर्ने वातावरण निर्माण गर्नेछ । यही नै सुशासनको वास्तविक आधार पनि बन्ने छ ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोर ञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु** होला । **भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

# नेपालमा पुँजीवादको जालो र साम्राज्यवादको प्रभाव

- सोभियत संघको विघटनपछि विश्वमा पुँजीवादको प्रभुत्व बढे पनि २१औं शताब्दीको दोस्रो दशकदेखि यसले गम्भीर संकटको सामना गरिरहेको छ।
- नेपालले नवउदारवादी अर्थनीति, दलाल पुँजीवाद र विश्वव्यापीकरणको अभ्यासले आर्थिक परनिर्भरता, सामाजिक विसंगति र वर्गीय ध्रुवीकरण बढाएको छ ।
- साम्राज्यवाद र विस्तारवादका हस्तक्षेपहरू, कृषि संकट, सामाजिक उत्पीडन र कम्युनिस्ट आन्दोलनको विचलनले नेपाल जटिल मोडमा पुगेको छ ।

बलराम बास्कोटा

सोभियत संघको विघटनपछि विश्वमा एक प्रकारको पुँजीवादी अहङ्कार निकै प्रबल बनेको थियो । तर इतिहासको गतिसँगै त्यो प्रबलता क्रमिक रूपमा ह्रास हुन थाल्यो। २१औँ शताब्दीको दोस्रो दशकदेखि नै विश्व पुँजीवादले गम्भीर र दीर्घकालीन संकट हरूको सामना गरिरहेको छ । पुँजीवादी व्यवस्थाकै विश्लेषक तथा अर्थशास्त्रीहरूले समेत वर्तमान पुँजीवादले संकट बेहोर्नुपरेको यथार्थ स्वीकार्न थालेका छन् ।

पुँजीवादीहरूले १९ औँ शताब्दीको पुरानो र मृतप्रायः दर्शन भन्दै खिल्ली उडाएको मार्क्सवादले समकालीन पुँजी वादको अन्तर्निहित अन्तरविरोध र संकटलाई वैज्ञानिक ढङ्गले विश्लेषण गर्न सक्छ भन्ने तथ्य पुनः प्रमाणित गरिदिएको छ। यो विश्व परिदृश्यलाई नेपालको विशिष्ट भू-राजनीतिक, सामाजिक र आर्थिक धरातलमा उभिएर हेर्दा स्थिति झनै जटिल देखिन्छ। नेपालले विगत तीन दशकदेखि जुन प्रकारको अन्धो नवउदारवादी अर्थनीति, दलाल पुँजीवाद र विश्वव्यापीकरणको अभ्यास गर्दै आएको छ, त्यसले देशलाई गम्भीर आर्थिक परनिर्भरता, सामाजिक विसङ्गति र वर्गीय ध्रुवीकरणतर्फ धकेलिरहेको छ ।

तसर्थ, नेपालको सन्दर्भमा २१औँ शताब्दीको मार्क्सवाद केवल किताबी अध्ययन वा बौद्धिक विमर्शको विषय मात्र होइन, यो त देशको राष्ट्रिय सार्वभौमिकता, आर्थिक स्वाधीनता र श्रमजीवी जनताको मुक्तिको अपरिहार्य मार्ग हो ।

### नवउदारवादी पुँजीवाद

चार दशकसम्म निरङ्कुश राजतन्त्रको जाँतोमुनि पिसिन बाध्य नेपाली जनता २०४६ सालको जनआन्दोलनपछि मात्र बहुदलीय प्रजातन्त्रमा प्रवेश गरे । तर दुर्भाग्यवश, यही काल खण्डमा विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोष जस्ता साम्राज्यवादी वित्तीय संस्थाहरूको आडमा नेपालको राज्यसत्ताले संरचनागत समायोजन र उदारीकरणको नीतिलाई अन्धाधुन्ध अँगाल्यो । यसैको परिणामस्वरुप औद्योगिक उत्पादन को पतनको युग सुरु भयो ।

राज्यले संरक्षण गर्दै आएका सार्वजनिक संस्थान तथा कलकारखानाहरू भृकुटी कागज कारखाना, लुम्बिनी चिनी कारखाना, जनकपुर चुरोट कारखाना, बाँसबारी छाला जुत्ता कारखाना आदिलाई एकपछि अर्को गर्दै कौडीको भाउमा बेचियो। कृषि औजार कारखाना, वीरगन्ज चिनी कारखाना, हेटौँडा कपडा उद्योग, रघुपति जुट मिल जस्ता कारखानाहरू बन्द गरिए । यसले नेपालको सीमित राष्ट्रिय औद्योगिक आधारलाई पूर्ण रूपमा ध्वस्त बनायो । कथित उदारीकरणका नाममा दलाल पुँजीवादको बोलबाला हुन थाल्यो ।

उत्पादनशील क्षेत्रमा लगानी हुनुको सट्टा पुँजी घरजग्गाको कारोबार, आयात व्यापार र वित्तीय सट्टेबाजीमा केन्द्रित भयो। नेपाल वस्तु उत्पादन गर्ने देशबाट पूर्ण रूपमा परनिर्भर उपभोक्ता बजारमा रूपान्तरण भयो । देशभित्र उत्पादनका साधनहरू खुम्चिँदै जाँदा र रोजगारीका अवसरहरू सिर्जना नहुँदा नेपालका लाखौँ युवाहरू खाडी राष्ट्रहरू, मलेसिया र पाश्चात्य मुलुकहरूमा सस्तो श्रम बेच्न बाध्य भए । आज नेपालको अर्थतन्त्रको मेरुदण्ड भनिएको विप्रेषण (रेमिट्यान्स) वास्तवमा नेपाली श्रमजीवी जनताको रगत र पसिनाको शोषणमा टिकेको परनिर्भर अर्थतन्त्रको कुरूप अनुहार मात्र बनेको छ ।

### साम्राज्यवाद र सार्वभौमिकता को सवाल

भारतीय कम्युनिस्ट पार्टीका पूर्वमहासचिव प्रकाश करातले सन् २०११ मा औँल्याएझैँ, २१ औँ शताब्दीमा साम्राज्यवाद समाप्त भएको छैन, बरु यसले अन्तर्राष्ट्रिय वित्त पुँजी र भू-राजनीतिक सामरिक गठबन्धन मार्फत अझ बढी क्रूर हस्तक्षेप गर्दै गइरहेको छ । उनको यो भनाइले नेपाल जस्तो सानो र विकासोन्मुख देशका लागि साम्राज्यवाद र विस्तारवादका हस्तक्षेपहरू प्रत्यक्ष-अप्रत्यक्ष रूपमा निरन्तर भइरहेका छन् भन्ने तथ्यलाई पुष्टि गर्छ ।

नेपालमा आउने वैदेशिक अनुदान तथा ऋणका पछाडि निश्चित भू-राजनीतिक एवं आर्थिक सर्तहरू जोडिएका हुन्छन् । शिक्षा, स्वास्थ्य र जलस्रोत जस्ता संवेदनशील क्षेत्रहरूमा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था एवं साम्राज्यवादी एजेन्सीहरूको प्रभाव नीति निर्माण तहसम्मै पुगेको छ । इन्डो-प्यासिफिक रणनीति वा विभिन्न सामरिक सैन्य सम्झौताहरू मार्फत नेपाललाई दक्षिण एसियामा सामरिक अखडा बनाउने प्रयासहरू भइरहेका छन् । नेपालको असंलग्न परराष्ट्र नीतिलाई कमजोर बनाएर यहाँका शासक वर्गलाई वैचारिक तथा आर्थिक रूपमा लाचार बनाउने साम्राज्यवादी कूटनीति तीव्र छ । अतः राष्ट्रिय सार्वभौमिकता, सीमा सुरक्षा र स्वाधीन परराष्ट्र नीतिको रक्षा आज नेपाली वामपन्थी तथा देशभक्त आन्दोलनको प्रमुख कार्यभार बन्न पुगेको छ ।

### नेपालको कृषि संकट र किसान एकता

नेपाल मूलतः कृषिप्रधान देश भनिए पनि आज यहाँको कृषि क्षेत्र गम्भीर संकटमा छ। नवउदारवादी नीतिकै कारण मल, बीउबिजन र प्रविधिमा राज्यले दिने अनुदान कटौती भएको छ । यसले गर्दा खेतीकिसानी घाटाको व्यापार बन्न पुगेको छ । युवाहरूको विदेश पलायनका कारण नेपालका उर्वर फाँटहरू बाँझा हुँदै गएका छन् । परम्परागत कृषि प्रणाली नष्ट भएको छ र नेपाली बजार भारतीय तथा बहुराष्ट्रिय कृषि उत्पादनहरूको क्रीडास्थल बनेको छ ।

ग्रामीण क्षेत्रमा अझै पनि अर्ध-सामन्तवादी अवशेषहरू र साहुमहाजनको शोषण कायम छ, जसले गर्दा वास्तविक भूमिहीन किसानहरू उत्पीडनमा छन् । सहरका संगठित तथा असंगठित औद्योगिक मजदुरहरू, ग्रामीण क्षेत्रका गरिब किसानहरू तथा भूमिहीनहरूको बलियो एकता विना नेपालमा कुनै पनि अग्रगामी परिवर्तन सम्भव छैन । सहरका श्रमजीवीहरू र गाउँका पसिना बगाउने किसानहरूको संयुक्त आन्दोलन नै नेपालको रूपान्तरणको मुख्य आधार हो ।

### सामाजिक उत्पीडन र लैङ्गिक अन्तरविरोध

नेपालको सामाजिक संरचना अत्यन्त जटिल छ । यहाँ वर्गीय शोषणका साथै गहिरो सामाजिक उत्पीडन गढेर बसेको छ। मूलतः हिन्दू वर्णव्यवस्थामा आधारित जातीय छुवाछूत र उत्पीडनले

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरू

### दमकल

बिराटनगर बारूणयन्त्र ४२००००
इटहरी बारूणयन्त्र ५८०१०१
धरान बारूणयन्त्र ५२०१९९
इनरुवा बारूणयन्त्र ५६०१०१
दमक बारूणयन्त्र ०२३-५८०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# खुला सीमा र विदेशी गतिविधीबाट उत्पन्न सुरक्षा चुनौती, नेपालमा सतर्कता आवश्यक



राजेश कुमार शर्मा

विराटनगर । हिमालयको बीचमा अवस्थित यो भूपरिवेष्ठित राष्ट्र दुई उदाउँदा महाशक्तिहरूको बीचमा रहेको छ, जसले नेपाललाई एउटा भू-राजनीतिक बफरको रूपमा स्थापित गरेको छ र यसको आन्तरिक स्थिरताले भारत र चीन बीचको व्यापक सन्तुलनलाई प्रत्यक्ष रूपमा प्रभाव पार्छ ।

नेपाल वर्षौंदेखि इन्टर-सर्भिसिज इन्टेलिजेन्स (आइएसआइ) को लागि एक महत्त्वपूर्ण रणनीतिक मोर्चाको रूपमा उदाएको छ । भारतसँगको १,७५१ किलोमिटर लामो खुला सीमा, नरम भिसा नीति र सीमा सुरक्षाको फाइदा उठाउँदै आइएसआइले हिमाली राष्ट्रलाई गैरकानुनी गतिविधिहरू सञ्चालन गर्ने एक सञ्चालन केन्द्र, सुरक्षित ठाउँ र पारवहन मार्गको रूपमा व्यवस्थित रूपमा रूपान्तरण गरेको छ । विकिलिक्सद्वारा २०११ मा सार्वजनिक गरिएका अमेरिकी केबलहरूमा १९९९ को विमान अपहरणको घटनामा नेपालको भूमि कसरी प्रयोग गरिएको थियो भन्ने विस्तृत विवरणहरू थिए, जसले नेपालको विश्वव्यापी प्रतिष्ठा र प्रणालीगत कमजोरीहरूलाई गम्भीर क्षति पुर्‍याएको थियो । यसका साथै, विश्वव्यापी गुप्तचर कम्पनी स्ट्र्याटफोरको जुन २००० को प्रतिवेदन र २००१ मा १६ किलो आरडीएक्ससहित पाकिस्तानी कूटनीतिज्ञको गिरफ्तारीले अन्तर्राष्ट्रिय कार्टेलहरूले नेपालको कमजोरीहरूको शोषण गरेको पुष्टि गरेको छ ।

सुरक्षा घटनाहरू र आइएसआइ को निरन्तर गतिविधि

हालैका घटनाहरू जस्तै प्रभात कुमार चौरसिया जासुसी र सिम कार्ड घुसपैठ मोड्युल (सेप्टेम्बर २०२५), अनसुरुल मियाँ अन्सारी मोड्युल (मिड २०२५), शेख साकिम पिस्तोल गिरफ्तारी (जुन २०२६) र उच्च मूल्यको सुनको गहना चोरीको मामिलामा कपिलवस्तु सीमा गिरफ्तारीहरू (अप्रिल २०२६) ले आइएसआइ समर्थित अपरेशनहरू हरूले आफ्नो निरन्तर कार्यशैली जारी राखेको संकेत गर्छन् । नवनिर्वाचित नेपाल सरकारले छिमेकी मुलुकहरूसँग भविष्य का द्विपक्षीय सम्बन्धहरूको दिशा निर्धारण गरिरहेको सन्दर्भ मा, विदेशी गुप्तचर संस्थाहरू र तिनीहरूका एजेन्टहरूद्वारा नेपाली भूमिको निरन्तर प्रयोग ले काठमाडौंमाथि अत्यधिक दबाब सिर्जना गर्नेछ। राष्ट्रिय सार्वभौमसत्ता र आन्तरिक स्थिरतालाई कमजोर पार्न विदेशी गुप्तचर संस्थाहरूलाई रोक्नु नेपालको लागि एक अत्यावश्यक सुरक्षा आवश्यक-ताको रूपमा हेरिनुपर्छ ।

धार्मिक-जनसांख्यिकीय परिवर्तन र मद्रसाको वृद्धि एक चिन्ताजनक पक्ष हाम्रो हिन्दु बहुल सार्वभौम राज्यको धार्मिक-जनसांख्यिकीय संरचनामा आएको क्रमिक परिवर्तन हो । आधिकारिक जनगणनाको विषयगत अध्ययन ले २००१ र २०२१ को बीचमा मुस्लिम जनसंख्यामा ५५.५ प्रतिशतले तीव्र वृद्धि भएको देखाएको छ, जसमध्ये लगभग ७५ प्रतिशत तराई क्षेत्रमा बसोबास गर्छन् । उपलब्ध तथ्याङ्क अनुसार नेपालमा ९११ दर्ता गरिएका र अनुमानित ३ हजार गैर-दर्ता मद्रसाहरू छन्, जहाँ प्रति ७ देखि ८ बच्चाहरूमा औसत एक मद्रसाको घनत्व छ ।

यी मस्जिद र मद्रसाहरूको निर्माणका लागि रकम कहाँबाट आइरहेको छ ?

व्यापक रूपमा, यो रकम जकात/सदका, धर्मार्थ संस्थाहरू, ट्रस्टहरू, विदेशी दाताहरू र मुख्यतया साउदी अरब, कतार, संयुक्त अरब इमिरेट्स र कुवेतका इस्लामिक धर्मार्थ संस्थाहरूबाट प्राप्त हुन्छ। यी संख्याहरू अनियमित र चिन्ताजनक छन् ।

के सरकारले जाँच र सन्तुलन सुनिश्चित गर्न कुनै नियामक निकाय बनाउने योजना बनाइरहेको छ वा यी धार्मिक पूर्वाधारहरूको अनियन्त्रित वृद्धि निरन्तर जारी रहनेछ ?



तबलिगी जमातको निरन्तर आगमन र स्थानीय सुविधा प्रदाताहरू नेपाल सरकारले ठूला धार्मिक भेलाहरू (तबलिगी जमात) को लागि अनुमति बारम्बार अस्वीकार गरे तापनि, पाकिस्तान र बंगलादेशबाट आएका तबलिगी जमातहरू तीन देखि चार महिनासम्म लामो अवधिका लागि आगमन जारी राख्छन् । स्रोतहरूका अनुसार, काठमाडौंको नेपाली जामा मस्जिदका मुफ्ती अबू बकर कश्मी र त्यस्ता संस्थाहरूसँग सम्बन्धित अन्य तत्वहरू विदेशी जमातहरूको स्वागत र सञ्चालनमा सक्रिय रूपमा संलग्न छन्, जसमा तिनीहरूको नेपालगञ्ज, रौतहट, वीरगञ्ज, पर्सा र विराटनगर जस्ता तराई क्षेत्रहरूमा यात्रा समावेश छ । साम्प्रदायिक हिंसा र विदेशी कट्टरपन्थीको भूमिका तराईले हालै एक दुर्भाग्यपूर्ण हिंस्रक साम्प्रदायिक झडपको सामना गरेको छ। सरकारले यस मामिलामा छानबिन गर्न जाँच आयोग गठन गरेको छ। तथापि, जुराई नमानिएको कुरा के हो भने टर्कीस्थित पाकिस्तानी धर्मगुरु मोहम्मद इलियास घुमानले जुलाई २०२६ मा काठमाडौं र रौतहट सहित नेपालका सीमावर्ती क्षेत्रहरूमा पाँच दिनको भ्रमण गरेका थिए । उपलब्ध जानकारी अनुसार, घुमान पाकिस्तानमा सुरक्षाकर्मीहरूको लक्षित हत्यामा संलग्न एक कट्टरपन्थी हुन् र हिजबुल मुजाहिदिन, हरकत-उल-अन्सार र हरकत-उल-मुजाहिदिन जस्ता आतंकवादी संगठनहरूसँग सम्बन्धित छन्, जुन युएसए र युके, भारत र अन्य देशहरूमा प्रतिबन्धित छन् । के यो विडम्बनापूर्ण छैन कि उनको भ्रमण लगत्तै २६ जुलाई २०२६ मा सुनसरीमा कोशी र मधेशले पाँच जनाको मृत्यु हुने गरी एक क्रूर साम्प्रदायिक झडपको सामना गर्‍यो ? के यो संयोग हो वा सम्बन्धित ? हाम्रो सीमा भित्र के भइरहेको छ त्यो आत्मनिरीक्षण गर्नुपर्छ र सुरक्षा निकायहरूलाई सचेत गराउनुपर्छ । आन्तरिक स्रोतहरूले पुष्टि गरे अनुसार, घुमानले विदेशी जमातहरूको भ्रमण सजिलो बनाउन काठमाडौं, रौतहट र नेपालगञ्जमा नयाँ मस्जिद निर्माण गर्न नेपालमा आफ्ना विश्वासपात्रहरूलाई निर्देशन दिएका थिए ।

यसको अर्थ भविष्यमा पाकिस्तान आधारित जमातहरूको आवृत्ति बढ्ने पक्का छ ।

सरकारले पहिचान गर्नुपर्छ कि को र किन नेपालमा धार्मिक संरचनाहरूमा असमान रूपमा लगानी गर्न रुचि राख्दैछ, जहाँ मुस्लिम जनसंख्या केवल ६ प्रतिशत छ । अनियमित आप्रवासीहरू र रोहिङ्गाको प्रवेश हालको सुरक्षा गतिशीलताले अनियमित प्रवेश गर्ने विना प्रमाण आप्रवासीहरू, विशेष गरी रोहिङ्गाहरूतर्फ पनि ध्यान आकर्षित गरेको छ । यो चिन्ता हालै नेपाल प्रहरीका महानिरीक्षक दान बहादुर कार्कीले उठाएका थिए। पछि ७ अगस्ट २०२६ मा नेपालमा अवैध रूपमा बसोबास गरिरहेका ५२६ रोहिङ्गाहरूको खबरले प्रमुखता रहेको पाईन्छ । सीमादेखि पृष्ठभूमि क्षेत्र र राजधानीसम्मको यो आगमन रातारात भएको होइन । नेपाल प्रहरीका महानिरीक्षक (आईजीपी) दान बहादुर कार्की ले बारम्बार विना प्रमाण विदेशी नागरिकहरूको उपस्थितिको बारेमा चेतावनी दिएका छन्, जसले नेपालको आन्तरिक सुरक्षा र कानून प्रवर्तनलाई गम्भीर खतरा मात्र होइन, भविष्यमा कुटनीतिक सम्बन्धहरूमा पनि ह्रास ल्याउन सक्छ ।

निष्कर्ष र सुरक्षा चुनौतीहरू

मुस्लिम मौलिकवादी संगठनहरू, पूर्वाधार विकास र धार्मिक प्रवचनको नाममा आईएसआई ले नेपाललाई कम लागत उच्च उपजको प्रतिनिधिको रूपमा शोषण गरिरहेको छ । यो देशको जराहरूमा कीरा लागेजस्तै हो र देशको सुरक्षा संयन्त्रलाई चुनौती दिइरहेको छ । ऐतिहासिक उदाहरणहरू, कट्टरपन्थीकरण, जनसांख्यिकीय परिमार्जन र अनियमित रकम प्रवाहसहित धार्मिक पूर्वाधारहरूको अनियन्त्रित वृद्धि, साथै डिजिटल स्पेसमा कट्टरपन्थी सामग्रीहरू एक खतरा हो जसलाई देशमा आईएसआईको भूमिगत उपस्थितिलाई नष्ट गर्न नियमित र डिजिटल सुरक्षा संयन्त्र मार्फत निष्क्रिय पार्नुपर्छ । सरकारले विकासहरूलाई स्वीकार गर्नुपर्छ, कट्टरपन्थी तत्वहरूको भ्रमणमा प्रतिबन्ध लगाउनुपर्छ र बढ्दो चुनौतीहरूलाई न्यूनीकरण गर्न रणनीति विकास गर्नुपर्छ, अन्यथा सुनसरी जस्तै घटना अन्य ठाउँमा हुन नसक्ने भन्नन सकिन्न ।

# जीवन विकासलाई उद्यमशीलता पुरस्कार

विराटनगर । जीवन विकास लघुवित्त वित्तीय संस्थाले उद्यमशीलता विकास पुरस्कार प्राप्त गरेको छ ।

उद्यमशीलता विकासमा अग्रणी भूमिका खेल्दै आएको जीवन विकासलाई स्वावलम्बन विकास केन्द्रले २ लाख रुपैयाँ राशीको उद्यम शीलता विकास पुरस्कार प्रदान गरेको हो ।

स्वावलम्बन विकास केन्द्रले उद्यमशीलता विकासमा उत्कृष्ट कार्य गर्ने संस्थालाई हरेक वर्ष यो पुरस्कार प्रदान गर्दै आएको छ । ३५ औं वार्षिक उत्सवको अवसरमा आर्थिक वर्ष २०८१-८२ को लागि जीवन विकासले यो पुरस्कार प्राप्त गरेको हो ।

नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्री र स्वावलम्बन विकास केन्द्रका अध्यक्ष शंकरमान श्रेष्ठसहितले यो पुरस्कार जीवन विकासका सञ्चालक समिति सदस्य श्यामचन्द्र खतिवडा र संस्थाका प्रमुख कार्यकारी अधिकृत संजयकुमार मण्डललाई हस्तान्तरण गरे ।

जीवन विकास लघुवित्तले करिब तीन दशकदेखि ग्रामीण क्षेत्रका विपन्न परिवारको घरदैलोमा पुगेर वित्तीय सेवा प्रदान गर्दै आएको छ । सदस्यहरूलाई लघुउद्यममा लाग्न प्रोत्साहित गर्दै सीपमूलक तालिम दिने र उनीहरूले उत्पादन गरेका सामग्रीको बजारीकरणमा पनि सहजीकरण गर्दै आएको छ । महिला सदस्यलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउँदै उनीहरूको सामाजिक र आर्थिक स्तर उकास्न संस्थाले गरेको योगदानलाई कदर गर्दै स्वावलम्बन विकास केन्द्रले पुरस्कार प्रदान गरेको हो । उद्यमशीलता बढाउँदै रोजगारीका अवसरहरू सिर्जना गर्न र गरिबी न्यूनीकरणमा जीवन विकासले निर्वाह गरेको भूमिकालाई मूल्यांकन समितिले उत्कृष्ट ठहर्‍याएको थियो ।

कोशी, मधेश र बागमती प्रदेशका ३१ जिल्लामा सेवा प्रवाह गरिरहेको जीवन विकासले २० हजार भन्दा बढी महिला सदस्यलाई उद्यमी बनाएको छ ।

गरिबीरहित नेपाल निर्माणका लागि संस्थाले उद्यमशीलता विकासलाई प्राथमिकतामा राखेर काम गरिरहेको जीवन विकास लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत संजयकुमार मण्डलले जानकारी दिए । पुरस्कार ग्रहणपछि समारोहलाई सम्बोधन गर्दै उनले उद्यमशीलता विकासका लागि छुट्टै विभाग नै खोलेर सहजीकरण गरिरहेको बताए ।

दिगो विकास र पर्यावरणको संरक्षणलाई सँगै अघि बढाउन संस्थाले इको भिलेज निर्माणलाई अभियानकै रुपमा अघि बढाएको उनले बताए । इको भिलेज सुरु भएका ग्रामीण बस्तीका परिवार उत्पादनमा जोडिएका छन् । उनका अनुसार बालबालिकालाई उद्यमशीलतासँग जोड्नका लागि जीवन विकासले इन्क्युबेसन सेन्टर सञ्चालन गरिरहेको छ । युवाहरुका लागि उद्यमशीलता विकासको तालिम पनि सञ्चालन गरिरहेको छ । सदस्यहरूको क्षमता अभिवृद्धिका लागि नियमित रूपमा सीप विकास तालिम सञ्चालन गर्दै आएको संस्थाले उद्यमीको अनुभव साटासाट गर्न एवं नयाँ प्रविधि बुझ्न सदस्यहरूलाई अवलोकन भ्रमणमा लैजाने तथा उद्यमी सदस्य र सदस्यको श्रीमानश्रीमतीको निशुल्क दुर्घटना बीमा गरिरहेको जानकारी दिए ।

कार्यक्रममा स्वालम्बन विकास केन्द्रले तीन जना महिला सदस्यहरुलाई उत्कृष्ट लघु उद्यमी सदस्य पुरस्कार प्रदान गरेको छ ।

नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था नवलपरासीकी सदस्य मध्यविन्दु नगरपालिका-५ की लिलाकुमारी थारु, सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाकी सदस्य हल्दीबारी गाउँपालिका-२ झापाकी शर्मिला थेबे, युनिक नेपाल लघुवित्त वित्तीय संस्थाकी सदस्य बारबर्दिया नगरपालिका- ६ बर्दियाकी सुनिता थारुलाई उत्कृष्ट लघुउद्यमी पुरस्कार प्रदान गरेको हो ।

कर तिरौं, राजश्व बढाऔं
कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसावमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।
अन्तरिक राजश्व कार्यालय विराटनगर

खाना पकाउने ग्यास (एलपी ग्यास)
प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी
अति आवश्यक जानकारी
एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ ।
दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु



नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# स्थानीय सरकारको आगमनपछि धनपालथानमा खानेपानी क्षेत्रमा छलाङ

पारस मण्डल

मोरङको धनपालथान गाउँ पालिका वडा नम्बर ५ की नन्दनी सरदारलाई आज भन्दा केही वर्ष अगाडिसम्म पानीको धौधौ थियो । आसपासका १० घरका लागि एउटा मात्रै ट्युबेल थियो । बिहानैदेखि गाग्री र बाल्टिन बोकेर लाइन बस्नुपर्थ्यो । दिनरात चलाउँदा ट्युबेल बिग्रन्थ्यो । कल बिग्रिएर पानी नआउँदा टाढासम्म धाउनुपर्ने र एउटा ट्युबेलमा दर्जनौं परिवार निर्भर हुनुपर्ने बाध्यता थियो ।

'१० वटा घरले एउटै कल चलाउनुपर्दा गाह्रो हुन्थ्यो, पानी पिउन, लुगा धुन र नुहाउन निकै कठिन हुन्थ्यो,' विगत सम्झिँदै उनी भन्छिन् । तर केही वर्षअघिसम्म एउटा ट्युबेलमा पालो कुरेर पानी भर्नुपर्ने बाध्यता अहिले इतिहास जस्तै बनेको छ । अहिले अधिकांश घरआँगनमै ट्युबेल पुगेका छन्, कतिपय बस्तीमा धाराबाट शुद्ध पानी आउँछ, विद्यालय र स्वास्थ्य संस्थामा पानी फिल्टर जडान भएका छन् ।

विशेषगरी धनपालथान गाउँपालिकाले खानेपानी क्षेत्रमा योजनाबद्ध लगानी र निरन्तर प्रयास जारी राखेपछि अवस्था अहिले धेरै हदसम्म परिवर्तन भएको सरदार बताउँछिन् । 'पहिलेको गाह्रो हेरेर धेरै नै सहज भएको छ,' सरदार भन्छिन्, 'यसका लागि पालिका प्रमुखज्यूसहित जनप्रतिनिधिले पहल गर्नु नै भएको छ । कहिले ट्युबेल वितरण त कहिले खानेपानीको पाइप बिछ्याउने काममा उहाँहरूको योगदान छ ।'

मोरङको दक्षिणी क्षेत्रमा अवस्थित धनपालथान गाउँपालिका कृषि, व्यापार, सामाजिक तथा सांस्कृतिक विविधताले परिचित स्थानीय तह हो । करिब ४८.९४ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस गाउँपालिकामा विभिन्न जातजाति, भाषा, धर्म र संस्कृतिका समुदायको बसोबास रहेको छ । साविकका नोचा, कदमाहा, दादरबैरिया, अमाही बरियाती र सोराभाग गाविसलाई समेटेर वि.सं. २०७३ सालमा गाउँपालिका गठन गरिएको हो । साविकको कदमाहा गाविसमा रहेको ऐतिहासिक राजा धनपालथानको मन्दिरबाट धनपालथान गाउँपालिकाका रूपमा नामकरण हुनुभन्दा अगाडिसम्म यहाँका नागरिकको एउटा ठूलो समस्याका रूपमा थियो, खानेपानी ।

खानेपानी नेपालको संविधानले सुनिश्चित गरेको मौलिक तथा मानवीय अधिकार हो । स्वच्छ र सुरक्षित खानेपानी प्रत्येक नागरिकको आधारभूत आवश्यकता मात्र होइन, यो मानवीय अधिकार पनि हो । यसै कुरालाई मध्यनजर गरेर धनपालथान गाउँपालिका सुरक्षित तथा स्वच्छ पिउने पानी गाउँपालिकाबासीको घरघर पुऱ्याउन कम्मर कसेर लागेको थियो ।

संविधानिक मर्मबमोजिम पालिकाले खानेपानी पूर्वाधार निर्माण, पाइपलाइन विस्तार, पानी शुद्धीकरण, गुणस्तर परीक्षण तथा सरसफाइ प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । पालिकाले खानेपानी सेवा नागरिकको घरदैलोमै पुऱ्याउने प्रयासलाई तीव्रता दिँदा जनस्वास्थ्य सुधार आएको छ ।

## व्यवस्था परिवर्तनसँगै खानेपानीमा व्यापक सुधार

संघीयता कार्यान्वयनसँगै स्थानीय सरकार गठन भएपछि धनपालथान गाउँपालिकाले खानेपानीलाई विकासको प्रमुख प्राथमिकतामध्ये एक बनायो । पाइपलाइन विस्तार, ट्युबेल वितरण, आधुनिक पानी शुद्धीकरण फिल्टर जडान, विद्यालय तथा स्वास्थ्य संस्थामा सुरक्षित पिउने पानीको व्यवस्था, पानीको गुणस्तर परीक्षण तथा जनचेतनामूलक कार्यक्रमलाई योजनाबद्ध रूपमा अघि बढाइयो । त्यसको प्रभाव अहिले गाउँपालिकाका अधिकांश वडामा प्रत्यक्ष महसुस गर्न सकिन्छ । पहिले पानीको अभावसँग जुध्ने नागरिक अहिले सुरक्षित र गुणस्तरीय खानेपानीतर्फ उन्मुख भएका छन् ।

यस परिवर्तनको एउटा प्रतिनिधि उदाहरण हो वडा नं. ४ स्थित कर्सिया खानेपानी उपभोक्ता तथा सरसफाइ समिति । २०५७ सालमा स्थापना भए पनि २०७२ सालदेखि नियमित रूपमा सञ्चालनमा आएको यस योजनाले सुरुमा करिब २० घरधुरीलाई सेवा दिँदै आएको थियो । अहिले भने तीन सयभन्दा बढी घरधुरीसम्म शुद्ध खानेपानी पुऱ्याइरहेको छ । विगत करिब १२ वर्षदेखि यस क्षेत्रका स्थानीयले नियमित रूपमा धाराबाट पानी उपभोग गर्दै आएका छन् ।

समितिका अध्यक्ष खेमराज लोहनीका अनुसार स्थानीय सरकार गठनपछि गाउँपालिकाले खानेपानी योजनालाई निरन्तर सहयोग गरेकै कारण सेवा विस्तार सम्भव भएको हो । उनका अनुसार बजेट व्यवस्थापनदेखि पाइप विस्तार, मर्मतसम्भार र पानी शुद्धीकरणसम्म गाउँ पालिकाले निरन्तर साथ दिएको छ ।

स्थानीय सरकारको सक्रियताको सबैभन्दा ठूलो उदाहरण हुलाकी सडक निर्माणका क्रममा देखिएको थियो । करिब तीन वर्षअघि कर्सिया बजार क्षेत्रमा मुख्य पाइपलाइन क्षतिग्रस्त हुँदा झण्डै २०० परिवार खानेपानी सेवाबाट बञ्चित भएका थिए । यस्तो अवस्थामा गाउँपालिकाका अध्यक्ष जीवछप्रसाद गच्छदारको पहलमा हुलाकी सडक विभाग, इटहरी र प्रदेश सरकारसँग समन्वय गरी करिब ३,५०० फिट नयाँ पाइप बिछ्याइयो । करिब १० लाख रुपैयाँको लागतमा सम्पन्न उक्त योजनापछि पुनः नियमित रूपमा खानेपानी वितरण सुरु भयो । यसले स्थानीय सरकार समस्या समाधानमा कति सक्रिय छ भन्ने स्पष्ट देखायो ।

खानेपानी सेवाको विस्तार अहिले पनि निरन्तर जारी छ । आर्थिक वर्ष २०८१/८२ मा मात्रै वडा नं. ४ मा पाँच लाख रुपैयाँ विनियोजन गरी करिब तीन किलोमिटर नयाँ पाइपलाइन विस्तार गरिएको छ । धनपालथान-३ बीपी चोकदेखि दक्षिण सिमराही फिल्ड हुँदै पूर्वमेयर हरिलाल सिंहको गाउँसम्म नयाँ लाइन विस्तार गरिएको छ । कर्सिया बजारस्थित पेट्रोल पम्पदेखि दक्षिणतर्फ थप करिब डेढ किलोमिटर पाइप बिछ्याइएको छ । हाल पनि विस्तारको काम जारी रहेको गाउँपालिकाले जनाएको छ ।

वडा नं. ५ मा पनि पाँच लाख रुपैयाँको लागतमा पाइपलाइन विस्तार सम्पन्न भइसकेको छ भने घरधुरीमा धारा जडानको प्रक्रिया अघि बढिरहेको छ । यसले बिस्तारै ट्युबेलमा निर्भरता घटाउँदै सुरक्षित पाइपमार्फत खानेपानी उपलब्ध गराउने लक्ष्यलाई अघि बढाइरहेको छ ।

गाउँपालिकाले ट्युबेल वितरणलाई पनि प्राथमिकतामा राखेको छ । वडा नं. ४ का अध्यक्ष श्रीराम चौधरीका अनुसार प्रत्येक वर्ष हरेक वडामा करिब ३० वटा ट्युबेल वितरण हुँदै आएको छ । खानेपानी, सरसफाइ तथा सिँचाइ शाखाका प्रमुख अनिल कुमार सिंहका अनुसार गाउँपालिकाले वार्षिक रूपमा एक सयभन्दा बढी ट्युबेल वितरण गरिरहेको छ । वडा नं. ५ का अध्यक्ष गयानन्द सरदारका अनुसार गाउँपालिका स्थापना भएयता वडा नं. ५ मा मात्रै पाँच सयभन्दा बढी ट्युबेल वितरण भइसकेका छन् ।

त्यसैगरी वार्ड नं ३ का वडा अध्यक्ष नागेश्वर प्रसाद मण्डलले गर्भवती महिलाहरूको लागि सुरक्षित र शुद्ध पानी पिउनको लागि पटकपटक फिल्टरहरू समेत वितरण गरेको बताए।

ट्युबेल वितरणले विशेषगरी विपन्न तथा ग्रामीण बस्तीका नागरिकको दैनिक जीवनमा ठूलो परिवर्तन ल्याएको छ । पानीका लागि घण्टौं समय खर्चिनुपर्ने अवस्था अन्त्य हुँदै गएको छ । महिलाको श्रम घटेको छ भने बालबालिकाले पनि समयमै विद्यालय जान पाएका छन् । सरसफाइमा सुधार आउँदा स्वास्थ्यसम्बन्धी जोखिमसमेत घट्दै गएको स्थानीयहरू बताउँछन् ।

धनपालथान गाउँपालिकाले खानेपानीको पहुँच मात्रै बढाएको छैन, पानीको गुणस्तर सुधारमा पनि विशेष ध्यान दिएको छ । गाउँपालिकाको पहलमा प्रदेश सरकारको करिब ३५ लाख रुपैयाँको लगानीबाट कर्सिया खानेपानी योजनामा आधुनिक पानी शुद्धीकरण फिल्टर जडान गरिएको छ । करिब एक लाख लिटर क्षमता भएको ट्यांकीमा जडान गरिएको उक्त फिल्टरले पानीलाई अझ सुरक्षित र गुणस्तरीय बनाएको छ ।

अध्यक्ष खेमराज लोहनीका अनुसार फिल्टर जडानपछि उपभोक्ताले पहिलेभन्दा धेरै सफा र सुरक्षित पानी उपभोग गरिरहेका छन् । गाउँपालिकाले खानेपानी योजनामा सौर्य ऊर्जा प्रणालीसमेत जडान गरिदिएको छ, जसले सञ्चालन खर्च घटाउनुका साथै सेवा नियमित बनाउन सहयोग पुऱ्याएको छ ।

कर्सिया बजारस्थित विवेक होटल सञ्चालक दिलीप परियारका अनुसार फिल्टर जडानपछि पानीको गुणस्तरमा उल्लेखनीय सुधार आएको छ । "पहिला कहिलेकाहीँ धमिलो पानी आउँथ्यो । सरसफाइ गर्दा माटो मिसिएर पनि आउँथ्यो । अहिले पानी निकै सफा आउँछ । यही पानी प्रयोग गरेर खाना पकाउँदा तरकारी कालो हुँदैन। ग्राहकलाई पिउन पनि यही पानी दिन्छौं र अहिलेसम्म कुनै गुनासो आएको छैन," उनले भने ।

विद्यालय र स्वास्थ्य संस्थालाई सुरक्षित खानेपानीसँग जोड्ने अभियान पनि गाउँपालिकाले समानान्तर रूपमा अघि बढाइरहेको छ । गाउँपालिकाभित्रका विभिन्न विद्यालय तथा स्वास्थ्य संस्थामा पानी फिल्टर जडान गरिएको छ । प्रमुख प्रशासकीय अधिकृत रिता खतिवडाका अनुसार चालु आर्थिक वर्षभित्र सबै विद्यालयमा शुद्ध पिउने पानीका लागि फिल्टर वितरण गर्ने योजना रहेको छ । साथै सुरक्षित खानेपानी, सरसफाइ तथा व्यक्तिगत स्वच्छतासम्बन्धी जनचेतनामूलक कार्यक्रम पनि प्रत्येक वडामा सञ्चालन भइरहेका छन् ।

गर्भवती महिला तथा सुत्केरी आमाको स्वास्थ्यलाई लक्षित गरी गाउँपालिकाले पटक-पटक वाटर फिल्टर वितरण गर्दै आएको छ । गाउँपालिका उपाध्यक्ष नशीमा बानोका अनुसार आगामी दिनमा पनि यो कार्यक्रमलाई निरन्तरता दिइनेछ । गाउँपालिकाले पोषणमैत्री टोल तथा पोषणमैत्री स्थानीय तह निर्माण

वांकी अन्तिम पेजमा...

# सोमालियाली नागरिक सीमा नजिकैबाट पक्राउ



विराटनगर । रौतहटसँग जोडिएको नेपाल-भारत सीमा नजिकै वैद्यनाथपुर क्षेत्रबाट एक सोमालियाली नागरिकलाई भारतीय सुरक्षा निकायले पक्राउ गरेको छ ।

भारतको सशस्त्र सीमा बल (एसएसबी) को २०औँ बटालियन, भङ्गहाको टोलीले काफी अली उर्फ हासी अलीलाई सोमबार साँझ नियन्त्रणमा लिएको थियो ।

भारतीय बजार घोडासहन बाट बस चढेर वैद्यनाथपुर पुगेका उनी सीमावर्ती क्षेत्रमा शङ्कास्पद अवस्थामा देखिएपछि सुरक्षा टोलीले सोधपुछका लागि नियन्त्रणमा लिएको बताइएको थियो ।

पक्राउ परेका अलीको साथबाट २५ हजार भारतीय रुपैयाँ नगद, मोबाइल फोन र माइक्रोफोन बरामद भएको सुरक्षा निकायले जनाएको छ। उनको राहदानी तथा अन्य आवश्यक कागजातसमेत जाँच भइरहेको जनाएको छ ।

प्रारम्भिक अनुसन्धानका क्रममा उनी नेपाल-भारत सीमा हुँदै नेपाल प्रवेश गर्ने प्रयासमा रहेको आशङ्का गरिएको छ ।

यद्यपि, उनको नेपाल प्रवेशको वास्तविक उद्देश्यबारे अहिलेसम्म कुनै निष्कर्ष सार्वजनिक गरिएको छैन ।

सुरक्षा निकायले अलीसँग आवश्यक सोधपुछ गर्दै उनको यात्रा विवरण, नेपाल प्रवेशको सम्भावित उद्देश्य तथा सीमावर्ती क्षेत्रमा रहेका सम्भावित सम्पर्कबारे अनुसन्धान गरिरहेको जनाएको छ ।

विदेशी नागरिक सीमावर्ती क्षेत्रमा शङ्कास्पद अवस्थामा भेटिएपछि सुरक्षा निकायले घटनालाई संवेदनशील रूपमा लिएको छ। घटनापछि सीमा क्षेत्रमा निगरानीसमेत थप कडा पारिएको बताइएको छ ।

# अन्तर्राष्ट्रिय यूवा दिवस भव्यताका साथ सम्पन्न

विराटनगर । अन्तराष्ट्रिय युवा दिवस २०२६ 'फरक सन्दर्भ साझा आकाक्षाँ' का साथ विराट नगरमा भव्य रुपमा मनाएका छन् ।

विराटनगर महानगरपालिका भित्र रहेका १३ वटा भन्दा बढी संघ संस्थाहरुको पदाधिकारीहरुको उपस्थितिमा अन्तरक्रिया बुधवार सम्पन्न गरेको हो ।

उक्त अन्तरक्रिया कार्यक्रमा जेसिस, लियो क्लवऔफ बिराटनगर, यूनाईटेड सोसाईटी अफइनोबेसन, भिजन मेड तयारी कक्षा, एलाईन्स युवाक्लब, नेपालयुथ फिटनेस केलेस्थेनिकस, युथ फर ब्लड, तेरापंथीयूवा परिषद जस्ता संस्थाका ६ दर्जन भन्दा बढिको सहभागिता थियो ।

कार्यक्रमका प्रमुख अतिथि पूर्वाञ्चल विश्व विद्यालयका उपकुलपति डाक्टर सुजन बाब मराठाले अन्तराष्ट्रिय यूवा दिवसले विश्व भरीका यूवाहरुलाई एक ठाउँमा जम्मा गरी छलफल अन्तरक्रिया गर्ने अवसर भएकोले सो अवसरको सदुपयोग गर्दै यूवाहरु एक भएर विश्व निर्माणमा लाग्नु पर्ने वताए ।

कार्यक्रमका अतिथि, विशिष्ठ अतिथिहरुले आ-आफ्नो संस्थाको गतिविधी र अगामी दिनमा कसरी मिलेर जाने विषयमा विचार व्यक्ति गरेका थिए ।

सोही अवसरमा यूवा जीवनमा ध्यानको आवश्यकता तथा सबैको परिवेष फरक भएपनि साझा आकाँक्षा रहेको वक्ताहरुले वताए । कार्यक्रमको संचालन युवा प्रभागका सदस्य ब्रह्म कुमार राजिव कर्णले गरेका थिए ।

उक्त कार्यक्रममा १५ सय जनाभन्दा वढीको सहभागीता रहेको ब्रह्माकुमारी युथ विभागका क्षेत्रिय सह संयोजक ब्रह्मम कुमारी वृन्दा दिदिले जानकारी दिएका थिए ।

ब्रह्मकुमारी यूवा प्रभाग विराटनगरले ब्रह्माकुमारी राजयोग सेवा केन्द्र कोशी प्रदेश की मुख्य संचालिका ब्रह्मकुमारी गीता दिदिको अध्यक्षतमा भएको थियो ।



# नाग पंचमी, घरघरमा नाग देवताको पूजा

**शैलेश न्यौपाने**

विराटनगर । नाग पंचमीको अवसरमा घरघरमा नाग देवताको भाद्र १ गते पुजापाठ गनरी भव्य रुपमा मनाएका छन् ।

२०८३ सालको भदौ महिनाको १ गते सोमवार भगवान शिवको प्रिय वार त्यसमा सोही दिन पर्न गएको "नाग पंचमि" भएकोले गर्दा विशेष दिन मानिएको छ। भाद्र १ गते सोमवारका दिन एकाविहानै देखि ब्राह्मणहरु हातमा नागको चित्र अंकित फोटो लिएर यजमानका घर घरमा पुग्छन । नाग पंचमि हिन्दुहरु को लागी धेरै "महत्त्व बोकेको पर्व हो" । "भगवान श्रीकृष्ण ले श्रीमद्भगवद गीतामा" स्वयंम भन्नु भएकोछ "म सर्पहरुमा वासुकि हुँ र नागहरुमा शेष नाग हु "। त्यसै गर्दा नाग र सर्पहरु को ठुलो महत्त्व छ । "महाभारत कालमा पनि अर्जुनले नाग कन्या बिवहा गरेकै थिए" । "भगवान विष्णु जलमाथी शेषनागको शैयमा नागले बनाएकै छातामुनी शयन गर्दछन" । "भगवान महादेव को श्रृङ्गारनै नागको माला हो "।

प्रथम "पुज्नीय भगवान गणेशको एक हातमै नाग छ" । त्यति मात्रै होइन" भगवान बिष्णुको दुबै अवतार श्रीराम र कृष्णका क्रमश भाई लक्ष्मण र कृष्णका दाई बलराम नै शेष नागका अवतार थिए" ।



त्यसैले गर्दा "सृष्टिकाल देखि , भगवान कृष्णले श्रीमद्भगवद गीतामा स्वयंम वताउँनु भएको छ कि कलियुगको अन्तमा समस्त ब्रह्माण्ड जलमग्न भएर सबै नासिन्छन । बोटबिरुवा, जनावर हरु, मनुष्यहरु तर कलियुगको अन्तिम र सत्ययुगको थाल्निमा पनि नाग सर्पहरु यहि ब्रह्माण्डमा जिवित हुन्छन" ।

साथै पर्यावरण संरक्षणमा पनि "सर्पको बिशेष भुमिका हुन्छ " । सर्पले वायुमण्डलमा फैलिएका विषाक्त पदार्थ ग्रहण गर्छ। फलत बैज्ञानिकहरु कै दावी छ कि प्राणघातक रोग क्यानसरको औषधि पनि सर्पहरुको विषबाट बनाउन सकिनेछ भन्ने कुरा , "पुराणमा उल्लेख भएनुसार कश्यपको पत्त्नी कद्रुकका आठ सन्तान, बसुकि , तक्षक , कलिक्न, कर्कटक, पध, शंखाचुडा, महापध र धनञ्जय नाग हुन" ।

ज्योतिष शास्त्रीय मान्यता-नुसार आजको दिन कुनै शुभ तथा मांगलिक कार्यको लागी साईतै हेर्नु पर्दैन । कुनै नयाँ घर निर्माण गर्दा भुमिमा नागदेवताको वास छ भने आजैको दिनमा विधिवत पुजा आजा गरी नागको दोष बाट मुक्त हुने धार्मिक बिश्वास छ । त्यसैले यि सव विविध पक्षबाट हेर्दा नागमा देवत्व हुने भएकोले यिनलाई नागदेव भनिन्छ ।

सोमवार दिन देखि वर्षायाम समाप्त भएर हिउँद शुरु भएको मानिन्छ । नागदेवताको दर्शन गर्न नाग मन्दिर नै नपुग्न सके पनि शिवको मन्दिर , बिष्णुको मन्दिर त्यो पनि नभए घरमा भएको नागको फोटोमा भए पनि श्रीखण्डको चन्दन, कमलको सेतो फुल लाभा भुटेको पछिको फुल, दुध, दहि, सिन्दुर आदिले पुजा गर्दा त्यो घरमा चटयाङ नलाग्ने, आगो तथा सर्पको भय पनि नहुने र सर्पहरुका राजा नागदेवता पनि खुशि हुने र आशिर्वाद स्वरुप परिवारीक सुखसमृद्धि तथा त्यो घरमा धन धान्य हुने कुरा धार्मिक पुस्तकमा उल्लेख छ ।

# पोपोको लतले बर्बाद पार्दै परिवारमर

विराटनगर । प्ले स्टोरमा सामाजिक सञ्जालका रूपमा उपलब्ध रहेको भनिएको 'पोपो लाइभ' नामकएपमा रहेका विभिन्न गेम तथा कोइन प्रणालीका कारण नेपाली प्रयोग कर्ताहरू आर्थिक समस्यामा पर्न थालेको गुनासो बढ्दै गएको छ । एपमा पैसाखर्च गरेर कोइन खरिद गर्ने र विभिन्न गेमखेल्ने क्रममा धेरै रकम गुमाउने गरेको प्रयोग कर्ताहरूको भनाइ छ ।

पोपो लाइभमा 'जंगल हन्ट', 'वोसियन हन्ट', 'न्यु फिसिङ एरा', 'गोल्डेन फ्लावर', 'फ्रुट मानुर', 'लक्कीनम्बर' र 'पोकर किङ' लगायतका गेम अप्सन रहेको बताइएको छ । यी गेम खेल्न प्रयोग कर्तालेएप भित्रको कोइन आवश्यक पर्ने र त्यसका लागि वास्तविक रकम तिर्नुपर्ने व्यवस्था रहेको प्रयोग कर्ताहरूको भनाइ छ ।

प्रयोग कर्ताका अनुसार एपमा रु. २०० देखि माथि विभिन्न रकम काकोइनखरिद गर्न सकिन्छ। सुरुवातमाथोरै रकमखर्च गरेर गेमखेल्ने गरेका कतिपय प्रयोग कर्ता क्रमश: बढी रकम लगानी गर्दै जाने र आफूले कति पैसाखर्च गरिसकें भन्ने हिसाब समेत राख्न नसक्ने अवस्थामा पुग्ने गरेको गुनासो छ ।

थोरै रकमबाट सुरु, ठूलो आर्थिक क्षतिसम्म गेमखेल्ने क्रममा सुरुमा केही सय रुपैयाँमात्र खर्च गर्ने प्रयोग कर्ताहरू पछि लगातार कोइन खरिद गर्दैजाने गरेको बताइएको छ। जित्ने आशामा पटक-पटक पैसा लगानी गर्दा अन्तत: ठूलो रकम गुमाउने जोखिमहुने देखिएको छ ।

कतिपय प्रयोग कर्ताले लाखौं रुपैयाँसम्म गुमाएको दाबी गरेका छन् । यस्तो अवस्थामा घरपरिवारमा आर्थिक तनाव बढ्नुका साथै पारिवारिक सम्बन्धमा समेत समस्या उत्पन्नहुन सक्ने चिन्ताव्यक्त गरिएको छ ।

विशेषगरी मनोरञ्जनका नाममा सुरु हुने यस्ता गेममा प्रयोगकर्तालाई लामो समयसम्म जोडि राख्ने प्रवृत्तिले आर्थिक रूपमाकमजोर परिवारलाई थपजोखिममा पार्न सक्ने सरोकारवालाहरूको भनाइ छ ।

नियमनर सचेतनाआवश्यक

अनलाइनगेमतथा डिजिटल प्लेटफर्ममार्फत हुने आर्थिक कारोबारको विषयमा सम्बन्धित निकायले समयमै अध्ययन तथा अनुगमन गर्नुपर्ने आवश्यकताद `खिएको छ। कुनै एपले नेपालमा प्रयोगकर्ताबाट रकम संकलन गरिरहेको अवस्थामात्यसको कानुनीआधार, भुक्तानी प्रणाली, प्रयोगकर्ताको सुरक्षातथागेमको प्रकृतिबारे सम्बन्धित निकायबाट स्पष्ट जानकारी सार्वजनिक हुनु पर्ने देखिन्छ ।

विशेषगरी वास्तविक रकम खर्च गरेर खेलिने गेममा बालबालिका तथा युवावर्गको पहुँच र प्रयोगलाई कसरी नियन्त्रण गरिएको छ भन्ने विषयपनि महत्वपूर्ण बनेको छ ।

'समयमै सचेत हुनुपर्छ'

सामाजिक सञ्जाल तथा अनलाइन गेमको प्रयोगगर्दा प्रयोगकर्ताले आफूले खर्च गरेको रकमको हिसाब राख्नुपर्ने र ऋण लिएर वा घरखर्चको पैसाप्रयोग गरेर यस्ता गेमखेल्न नहुने जानकारहरू बताउँछन् ।

पोपो लाइभलगायतका डिजिटल प्लेटफर्ममा पैसाखर्च गर्ने प्रयोगकर्ताले गेमलाई आम्दानीको माध्यमवा पैसा जित्ने निश्चितउपायका रूपमानलिई जोखिमपूर्ण गतिविधिका रूपमा बुझ्नु पर्ने आवश्यकता देखिएको छ ।

यदिकुनै प्लेटफर्मका गेमवाकोइनखरिद प्रणालीले कानुन उल्लंघन गरेको, प्रयोगकर्तालाई आर्थिक क्षति पुऱ्याएको वाभ्रामक ढंगले पैसाखर्च गर्न प्रेरित गरेको प्रमाण भेटिएमा सम्बन्धित नियामक निकायले आवश्यक अनुसन्धान गरी कारबाहीप्रक्रिया अघि बढाउनुपर्नेमागसमेत उठ्न थालेको छ ।

## मधेशमा...

नेपाली समाजलाई विभाजित गरेको छ । दलित, आदिवासी जनजाति, मधेसी र पिछडिएका क्षेत्रका जनतामाथि हुने राज्य र समाजको दोहोरो शोषण वर्गीय शोषणसँग अन्योन्याश्रित रूपमा जोडिएको छ ।

पुँजीवादी तथा पितृसत्तात्मक व्यवस्थाले महिलाहरूको श्रमलाई अवमूल्यन गरेको छ । घरभित्रको 'केयर इकोनोमी' को सम्पूर्ण भार महिलाहरूको काँधमा थोपरिएको छ भने बाहिर पनि उनीहरू समान ज्याला र अवसरबाट वञ्चित छन्। नेपालको सन्दर्भमा वर्गमुक्तिको आन्दोलन तबसम्म सफल हुन सक्दैन, जबसम्म जाति, क्षेत्र र लिङ्गका आधारमा हुने सबै प्रकारका सामाजिक उत्पीडनहरूविरुद्धको संघर्षलाई मार्क्सवादी आन्दोलनको मूलधारमा समाहित गरिँदैन ।

कम्युनिस्ट आन्दोलनको उपलब्धि र विचलन

सोभियत संघको विघटनपछि विश्वभर निराश बनेका कम्युनिस्ट आन्दोलनहरूबिच नेपालमा भने २०५२ फागुनदेखि सञ्चालित जनयुद्ध, २०६२/०६३ को ऐतिहासिक जनआन्दोलन र विभिन्न संघर्षहरूका बलमा राजतन्त्रको अन्त्य भई संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो ।

यी सबै आन्दोलनहरूको अग्रपंक्तिमा मार्क्सवादी-लेनिनवादी विचारधाराबाट प्रेरित कम्युनिस्ट पार्टीहरू नै थिए। तर विडम्बना, जब नेपालका वामपन्थी तथा कम्युनिस्ट पार्टीहरू सत्ताको शिखरमा पुगे, उनीहरूले क्रान्तिकारी सिद्धान्त र जनतासँगको साइनो बिर्सिए । महाकाली सन्धि र एमसीसी जस्ता राष्ट्रघाती सम्झौता उनीहरूले नै गर्न पुगे । अमेरिकी साम्राज्यवादलाई पार्टीका दस्तावेजहरूमा किटान गर्न पनि नसक्ने अवस्था आयो ।

यसरी संसदीय अवसरवाद र वैचारिक पतनका कारण सत्ता प्राप्ति र कुर्सीको खेलमा रुमलिएका कम्युनिस्ट भनिने दलहरूले समेत अन्तत: नवउदारवादी अर्थनीतिकै सेवा गर्न पुगे । दलाल पुँजीपति वर्ग र भ्रष्ट नोकरशाहीतन्त्रसँगको साँठगाँठले गर्दा जनतामा ठूलो निराशा पैदा भयो । एकातर्फ रूढिवादी र जडसूत्रवादी चिन्तनबाट मुक्त हुन नसक्नु र अर्कातर्फ क्रान्तिकारी कार्यदिशा छाडेर दक्षिणपन्थी अवसरवादमा पतन हुनु नेपालको कम्युनिस्ट आन्दोलनको मुख्य कमजोरी बन्यो । तसर्थ, मार्क्सवादलाई कुनै अपरिवर्तनीय मृत ग्रन्थ नभई 'जीवन्त विज्ञान' का रूपमा बुझेर नेपालको विशिष्ट मौलिकता अनुसार यसलाई पुनर्संरचना गर्नुपर्ने खाँचो आज टड्कारो रूपमा देखिएको छ ।

नेपालको वामपन्थी विकल्प

नेपालले वर्तमान संकटबाट निकास पाउन र देशलाई समृद्धिको वैज्ञानिक बाटोमा डोऱ्याउन २१औँ शताब्दीको मार्क्सवादी दृष्टिकोणमा आधारित ठोस वामपन्थी तथा लोकतान्त्रिक विकल्प निर्माण गर्नु अनिवार्य छ। यसका मुख्य आधारहरू निम्न हुन् ।

१. उत्पादनका साधनहरूमा सामाजिक स्वामित्व र नियमन: राज्यको सम्पूर्ण स्रोतसाधनमाथि निश्चित दलाल तथा माफियाहरूको हालिमुहाली तोड्दै राष्ट्रिय उद्योग, जलविद्युत्, शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रहरूमा सार्वजनिक तथा सहकारी स्वामित्वलाई प्राथमिकता दिनुपर्छ। बजारलाई खुला रूपमा छाड्नुको सट्टा राज्यले कडा नियमन गर्नुपर्छ ।

२. विकेन्द्रीकृत योजना र वास्तविक लोकतन्त्र: २०औँ शताब्दीको सोभियत मोडलको कडा नोकरशाही र अति-केन्द्रीकृत शासन प्रणालीबाट पाठ सिकेर २१औँ शताब्दीको समाजवादले पूर्ण रूपमा बहुदलीय प्रतिस्पर्धा, कानुनी राज्य, प्रेस स्वतन्त्रता र स्थानीय तहदेखि नै जनताको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्नुपर्छ ।

३. राष्ट्रिय स्वाधीनता र आत्मनिर्भर अर्थतन्त्र: साम्राज्यवादी वित्तीय संस्था ( विश्व बैंक, आईएमएफ तथा एसियाली विकास बैंक) का असमान सर्तहरू र परनिर्भर बनाउने अनुदान नीतिहरूको खारेजी गर्दै कृषि उत्पादन, घरेलु उद्योग र आन्तरिक बजारको सुदृढीकरणमार्फत आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्नु आजको पहिलो सर्त हो ।

४. सबै प्रकारका विभेदको अन्त्य: वर्गीय मुक्तिसँगै दलित, जनजाति, मधेसी, महिला र सीमान्तकृत समुदायको समानुपातिक प्रतिनिधित्वलाई संस्थागत गर्दै सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माण गर्नुपर्छ ।

निष्कर्ष

इतिहासको यो मोडमा नेपाल गम्भीर दोबाटोमा उभिएको छ। एकातिर नवउदारवादी पुँजीवादले सिर्जना गरेको चरम आर्थिक असमानता, बेरोजगारी, भ्रष्टाचार र परनिर्भरताको अँध्यारो सुरुङ छ भने अर्कोतिर श्रमजीवी जनताको एकता र वैज्ञानिक समाजवादी विकल्पको उज्यालो क्षितिज छ । आफ्ना वैचारिक मान्यताहरूलाई आत्मसात् गर्दै नेपालका सच्चा वामपन्थी, प्रगतिशील र श्रमजीवी शक्तिहरूले पुराना कमजोरीबाट गम्भीर पाठ सिक्नुपर्छ ।

जडसूत्रवादको खोल ओढेर बस्ने वा दक्षिणपन्थी अवसरवाद को पछि लाग्ने छुट अब क्रान्तिकारी आन्दोलनलाई छैन। दलाल पुँजीवाद र साम्राज्यवादका सम्पूर्ण जालाहरूलाई च्यात्दै, राष्ट्रिय स्वाधीनता, सामाजिक न्याय र आर्थिक समृद्धिको झण्डा फहराउने मार्क्सवादी-लेनिनवादी विचारमा आधारित एक नयाँ एकीकृत जनआन्दोलन नै २१औँ शताब्दीमा नेपालको एक मात्र मुक्तिमार्ग हो । रातोपाटीबाट सभार ।

सूचना सूचना सूचना

सडक क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन कार्यालय
विराटनगर, कोशी प्रदेश